नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

## Financial Comptroller General Office

पत्र संख्याः २०७७/०७८
चलानी नं.: ९८

मितिः २०७७।०५।०९

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै) ।

उपरोक्त विषयमा क्रियाकलापमा आधारित विद्युतीय सरकारी लेखा प्रणाली (TSA, CGAS) संचालन सम्बन्धी यस कार्यालयको मिति २०७७।०५।०९ गतेको देहाय बमोजिको निर्णय भएकोले कार्यान्वयन गर्न गराउनुहुन अनुरोध छ।

निर्णयहरुः

१. नेपाल सरकारले वर्तमान लेखा प्रणालीलाई क्रियाकलापमा आधारित लेखाप्रणालीमा रुपान्तरण गरी कार्यान्वयनमा ल्याएकोले परिवर्तित सन्दर्भमा सरकारी भुक्तानी निकासा गर्न कठिनाई उत्पन्न भएको परिस्थितिमा आ.व. २०७६/०७७ को वार्षिक हिसाब भिडान र आन्तरिक लेखापरिक्षण गर्ने कार्यलाई १५ दिन स्थगित गर्ने र सम्पूर्ण लेखा समूहका कर्मचारीहरुलाई भुक्तानी निकासा दिने प्रणाली (TSA, CGAS) संचालन को तालिम र भुक्तानी निकासा कार्यमा संलग्न गर्ने गराउने,

२. Electronic Fund Transfer सफल नभएको अवस्थामा समेत समानीकरण अनुदानको प्रथम किस्ता वापतको रकम सम्बन्धित सरकारका तहलाई छिटो भन्दा छिटो हस्तान्तरण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयले चेक मार्फत वित्तीय हस्तान्तरणको आवश्यक व्यवस्था मिलाउने,

३. क्रियाकलापमा आधारित विद्युतिय सरकारी लेखा प्रणाली (TSA, CGAS) संचालनार्थ कोष व्यवस्थापन महाशाखा प्रमुखको मातहत एवं कोष प्रशासन शाखा प्रमुखको समन्वयमा देहायका थप जनशक्ति परिचालन गर्ने र जिल्लामा कुनै समस्या आएमा उल्लेखित कर्मचारिहरुलाई सम्पर्क गर्ने

| | | |
|---|---|---|
| (क) उप महालेखा नियन्त्रक | श्री प्रकाश पुडासैनी | ९८५११७१४६१ |
| (ख) उप महालेखा नियन्त्रक | श्री हिरण्य प्रसाद पराजुली | ९८५११५४८७४ |
| (ग) उप महालेखा नियन्त्रक | श्री गोपीचन्द्र भण्डारी | ९८५१०१२६७२ |
| (घ) लेखा अधिकृत | श्री मदन कुमार जि.सी. | ९८५१२११९९९ |
| (ङ) लेखा अधिकृत | श्री श्रीराम शर्मा | ९८५१०३७२१८ |
| (च) लेखा अधिकृत | श्री रमेश प्रसाद पौड्याल | ९८४६०८७८७९ |
| (छ) लेखा अधिकृत | श्री मोहन आचार्य | ९८४१३४८९४३ |
| (ज) लेखा अधिकृत | श्री टोलेन्द्र कार्की | ९८४१५२२१४० |

४. विद्युतिय सरकारी लेखा प्रणाली (TSA, CGAS) लाई थप प्रभावकारी बनाउन कोष प्रशासन शाखाले तत्काल आवश्यक Virtual तालिमको व्यवस्था मिलाउने,

५. विश्वव्यापी स्वास्थ्य संकटको वर्तमान अवस्थामा कार्यालय एवं कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले उच्चतम सावधानी र स्वास्थ्य सुरक्षा सतर्कताका आवश्यक मापदण्ड अपनाई आवश्यक जनशक्ति परिचालन गरी सरकारी कोष संचालन, व्यवस्थापन गर्ने गराउने।

..........................
ज्ञानेन्द्र पौडेल
सह महालेखा नियन्त्रक



सह-महालेखा नियन्त्रक